**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ जनवरी २०२६**
**समयः १८:५० - १९:०० बजे**

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले केवल दश बर्षहरुमा स्टार्टअप इंडिया क्रांति बनेको बताउनुभएको छ।

- पश्चिम बंगालम प्रधानमंत्री नरेंद्र मोदीको प्रस्तावित भ्रमण भन्दा पूर्व मालदामा सुरक्षा व्यवस्था कडा गर्न वायुसेनाको व्यापक रिहर्सल शुरू भएको छ।

- केन्द्रीय रेलमंत्री अश्विनी बैष्णवले पश्चिम बंगाललाई भोली प्रधानमंत्रीले ठूलो उपहार दिने कुरा बताउनुभएको छ।

- उत्तर बंगाल भ्रमणको पहिलो दिन आज मुख्यमंत्री ममता बनर्जीले सिलगड़ीको मत्तीगड़ामा प्रस्तावित 'महाकाल महातीर्थ' मंदिरको आधारशिला रखनुभयो।

- कोलकाता लगायत सम्पूर्ण पश्चिम बंगालमा फेरि एक पल्ट जाड़ो बढ़ेको छ। राज्यको अधिकतर भागहरूमा बाकलो कुहिरो लाग्ने मौसम विभागले चेताउनी जारी गरेको छ।

- चाँद एफसी, घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको सेमी फाइनलमा पुग्ने पहिलो टिम बनेको छ।

**प्रधानमंत्री स्टार्टअप**

प्रधानमंत्री नरेन्द्र मोदीले केवल दश बर्षहरुमा स्टार्टअप इंडिया क्रांति बनेको बताउनुभएको छ। राष्ट्रीय स्टार्टअप दिवसको अवसरमा नया दिल्लीको भारत मंडपममा आयोजित कार्यक्रममा - भारत बिश्वको तेस्रो सबैभन्दा ठूलो स्टार्टअप तंत्र रहेको श्री मोदीले भन्नुभयो। उहाले भन्नुभयो कि भारतका युवाहरुले वास्तविक समस्याहरुको समाधान गर्नमा ध्यान केंद्रित गर्दछन। उहाले नया सपना देखने युवा नवोन्मेषकहरुको साहसको सराहना गर्नुभयो। उहाले भन्नुभयो कि राष्ट्रीय स्टार्टअप दिवसको अवसरम स्टार्टअप्स संस्थापकहरु अनि नवोन्मेषकहरु एकत्रित हुनु तिबर गतिमा बिकाश भइरहेको नया भारतको भविष्यलाई दर्शाउदछ।श्री मोदीले यस अवसरमा प्रदर्शनी क्षेत्रको अवलोकन गर्नुभयो अनि प्रदर्शकहरु सित बातचीत गर्नुभयो।यस अवसरम केंद्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो कि प्रधानमंत्रीको नेतृत्वमा बिगत एक दशकमा स्टार्ट तंत्रमा धेरै ठूलो परिवर्तन आएको छ। बर्ष 2016 मा केवल 400 स्टार्टअप रहेको र यसको संख्या अहिले दुई लाख भन्दा अधिक भएको उहाले बताउनुभयो। स्टार्टअप इंडियाको शुरूआत प्रधानमंत्री नरेन्द्र मोदीले एक दशक पूर्व 16 जनवरी, 2016 मा गर्नुभएको थियो। यसको शुभारंभ नवाचार, उद्यमशीलतालाई प्रोत्साहन दिनु अनि निवेश संचालित वृद्धिलाई अघि बढ़ाउनको लागि परिवर्तनकारी राष्ट्रीय कार्यक्रमको रूपमा भएको थियो। यसको उद्देश्य भारतलाई नौकरिहरु खोजनेहरुको सट्टामा नौकरिहरु सृजित गर्ने देशको रूपमा स्थापित गर्नु हो। बिगत एक दशकमा स्टार्टअप इंडिया भारतीय अर्थव्यवस्था अनि नवाचार तंत्रको मूलभूत तत्वको रूपमा अघि आएको छ। यसले संस्थागत तंत्रहरुलाई सुदृढ़ गरेको छ , पूंजी सम्म पहुंच बडेको छ अनि मार्गदर्शन प्राप्त भएको छ अनि स्टार्टअपको लागि काम गर्ने अनि विभिन्न क्षेत्रहरुमा अघि बढ़ने वातावरण तैयार भएको छ। भारतीय स्टार्टअप तंत्रले यस अवधिमा अप्रत्याशित विस्तार देखेको छ अनि देशभरीमै यस अवधि दुई लाख भन्दा अधिक स्टार्टअपलाई मान्यता दिएको छ।

**प्रधानमंत्री बंगाल भ्रमण**

पश्चिम बंगालम प्रधानमंत्री नरेंद्र मोदीको प्रस्तावित भ्रमण भन्दा पूर्व मालदामा सुरक्षा व्यवस्था कडा गर्न वायुसेनाको व्यापक रिहर्सल शुरू भएको छ। नेशनल सिक्योरिटी गार्ड (एनएसजी) कमांडो अनि स्पेशल प्रोटेक्शन ग्रुप (एसपीजी) ले मालदा

टाउन रेलवे स्टेशनको प्लेटफॉर्म नंबर एक अनि दुईलाई आफ्नो नियंत्रणमा लिएको छ। स्टेशन परिसरलाई लगभग हवाई अड्डा जस्तै र सजाईएको छ , जहां विभिन्न ऋषि-मुनिहरु अनि महापुरुषहरुको प्रतिमा स्थापित गरिएको छ अनि रंगीन बत्तीहरु द्वारा स्टेशनलाई आकर्षक रूप दिईएको छ। आज अपरान्ह देखि साझ सम्म चरणबद्ध ढंगमा भारतीय वायुसेनाको हेलीकॉप्टरहरुले मालदा टाउन स्टेशन नजिक लक्ष्मण सेन स्टेडियम स्थित हेलीपैड अनि प्रस्तावित सभा स्थल क्षेत्रमा लैंडिंग गरे। सुरक्षा व्यवस्थालाई अझ बलियो बनाउनको लागि चारवटा अतिरिक्त वायुसेना हेलीकॉप्टर पायलटहरुलाई रिजर्व राखिएको छ। मालदा ब्लॉकको बाइपास रोड नजिक माढ़ईपुर इलाकामा प्रधानमंत्रीको जनसभा स्थलको निर्माण कार्य लगभग पूरा भइसकेको छ।सूत्रहरु अनुसार आज राती ‘स्लीपर वंदे भारत’ ट्रेन मालदा टाउन स्टेशन आईपुग्ने संभावना छ जसको औपचारिक उद्घाटन प्रधानमंत्रीले भोली गर्नुहुनेछ। यसको साथै प्रधानमंत्रीले यसै स्टेशन देखि 8 अन्य रैलगडीहरुको पनि उद्घाटन गर्नुहुनेछ।

**<u>रेलमंत्री -एनजेपी</u>**

केन्द्रीय रेलमंत्री अश्विनी बैष्णवले पश्चिम बंगाललाई भोली प्रधानमंत्रीले ठूलो सौगात दिने कुरा भन्नु भएको छ। उहाँ आज नयाँ दिल्लीबाट बोगडोगरा हवाई अड्डा त्यस पछि एनजेपी रेलवे स्टेशन आउनु भयो। एनजेपीबाट ट्रेनमा सवार भएर मालदाका लागि प्रस्थान गर्नु भयो। सम्वाददाताहरूलाई जानकारी गराउँदै प्रधानमंत्री नरेन्द्र मोदीले भोली गोवाहाटी -कोलकाता बीच देशको पहिलो वन्दे भारत स्लीपर ट्रेनलाई हरियो झण्डा देखाउने साथै राज्यका लागि एक दर्जन भन्दा बढी नयाँ ट्रेनहरूलाई हरियो झण्डा देखाउने भन्दै राज्यमा 101 रेलवे स्टोशनहरूको पुनर निर्माण भइरहेको भन्नु भयो। उहाँले न्यु जलपाईगुड़ी रेलवे स्टेशनलाई विश्वको अत्याधुनिक स्टेशन बनिरहेको भन्दै दुईवाटा थप प्लेटफर्म बानिन्दै छ तथा थप ट्रेनहरू संचालित गरिने बताउनु भयो। उहाँले भन्नु भयो.....

...... बाइट.. रेलमंत्री......

**<u>(भाजपा) नयाँ राष्ट्रिय अध्यक्ष चुनाव</u>**

भारतीय जनता पार्टीले आज नया राष्ट्रिय अध्यक्षको निर्वाचन प्रक्रियाको औपचारिक घोषणा गर्दै भाजपाको संगठन महोत्सव-2024 अन्तर्गत पार्टीको राष्ट्रिय अध्यक्षको निर्वाचनको लागि नामांकन 19 जनवरीदेखि शुरु हुने अनि 20 जनवरीमा अध्यक्षको नामको आधिकारिक घोषणा गरिने बताएको छ।भाजपा राष्ट्रिय निर्वाचन अधिकारी तथा राज्यसभा सांसद डा. के लक्ष्मणद्वारा जारी कार्यक्रम अनुसार, यो सम्पूर्ण प्रक्रिया पार्टीको केन्द्रिय कार्यालय, 6-ए, दीनदयाल उपाध्याय मार्ग, नयाँ दिल्लीमा सम्पन्न हुनेछ। चुनावी तालिका अनुसार, राष्ट्रिय निर्वाचन बोर्डको सूची 16 जनवरी शुक्रवार दिउँसो 12 बजे प्रकाशित हुनेछ। त्यसपछि 19 जनवरी सोमवार नामांकन हुनेछ। त्यसै दिन नामांकन पत्रहरू दिउँसो 2 बजीदेखि 4 बजीसम्म दर्ता गरिनेछ, नामांकन पत्रहरूको जाँच 4 बजीदेखि 5 बजीसम्म हुनेछ र फिर्ता लिने अवधि साँझ 5 बजीदेखि 6 बजीसम्म हुनेछ।

**<u>‘महाकाल महातीर्थ’ – आधारशिला</u>**

उत्तर बंगाल भ्रमणको पहिलो दिन मुख्यमंत्री ममता बनर्जीले सिलगड़ीलाई एउटा ठूलो उपहार दिनुभएको छ। आज उहाले मत्तीगड़ामा प्रस्तावित ‘महाकाल महातीर्थ’ मंदिरको आधारशिला रखनुभयो। कि यो मंदिर विश्वको सबैभन्दा ठूलो शिव मंदिरहरु मद्धे एक हुने मुख्यमंत्रीले दावी गर्नुभएको छ ।आधारशिलाको कार्यक्रम भन्दा पूर्व मुख्यमंत्रीले बिभिन्न विकास परियोजनाहरुको पनि शुभारंभ गर्नुभयो। मंदिरको विशेषताहरु अनि योजनाबारे उहाले विस्तृत जानकारी दिनुभयो। मुख्यमंत्रीले मंदिरको नाम ‘महाकाल महातीर्थ’ रखनुभयो जहां शिवको 216 फीट अग्लो भव्य प्रतिमा हुनेछ। यस महातीर्थमा एकै साथ लगभग एक लाख श्रद्धालु एकत्रित हुन सकनेछन ।
आगामी दुई देखि अढाई बर्ष भित्रमा मंदिर निर्माण कार्य पूरा हुने लक्ष्य राखिएको मुख्यमन्त्रीले बताउनुभयो। सिलगड़ी शहरको केंद्रमा स्थित यस मंदिरको लागि आवश्यक भूमि एक ट्रस्टलाई सुमपीएको छ। यो मंदिर उत्तर बंगालको आध्यात्मिक अनि सांस्कृतिक एकताको एक अनौठो प्रतीक बन्ने उहाले अझ बताउनुभयो।

**<u>महाकाल मन्दिर</u>**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी द्वारा सिलगढ़ीमा प्रस्तावित महाकाल मन्दिरको शिलान्यासलाई लिएर उत्तर बंगालको राजनीति तातिएको छ। एकातिर तृणमूल कंग्रेसले यसलाई विकास अनि धार्मिक पर्यटनसित जोड़ेर हेरिरहेको छ भने अर्कोतिर भाजपाले मन्दिर निर्माणको लागत र राज्य सरकारको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ।

**हिज दार्जीलिङका सांसद अनि भाजपाका केन्द्रिय प्रवक्ता राजू बिष्टले सिलगढ़ीमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो -मन्दिरको निर्माण ट्रष्टी बोर्डको माध्यमबाट भएको बताइरहेको छ, तर सम्पूर्ण आयोजन सरकारको ब्यानरमा भइरहेको छ। सरकारी स्तरबाटै निमन्त्रण पत्र किन पठाइँदैछ र मन्दिर निर्माणको लागि धनको श्रोत के हो? भनी उहाले प्रश्न गर्नुभएको छ | भाजपाका आरोपहरूमाथि सिलगढ़ीका मेयर गौतम देवले प्रत्याक्रमण गर्दै ,यस प्रकारको बयानको उत्तर दिनु आवश्यक नरहेको बताएका छन । कार्यक्रममा आमन्त्रित पद्मश्री सम्मानित भवाईया गायिका गीता राय बर्मनले शिलान्यास समारोहमा सामेल हुनदेखि अस्वीकार गरेका छन्। पद्मश्री प्राप्त भए पनि उहालाई राज्य तथा ब्लक स्तरको सांसकृतिक कार्यक्रमदेखि टाड़ा राखिएको उहाले आरोप लगाउनुभएको छ। तथापि पद्मश्री पुरस्कारद्वारा सम्मानित लेखक नगेन्द्रनाथ राय भने कार्यक्रममा सामेल हुने सम्भावना छ । यस वर्ष 2026- को विधानसभा चुनाउपूर्व उत्तर बंगालमा आफ्नो पकड़लाई बलियो बनाउनको लागि तृणमूल कंग्रेसको लागि यो परियोजना प्रतिष्ठाको लड़ाईँ मानिँदैछ।**

**<u>दार्जिलिङ नगरपालिका</u>**

जनसभा आयोजना गर्ने अनुमति दिन अदालतको आदेशपछि गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (सुवासवाद)- का सदस्यहरूले आज दार्जिलिङको चौक बजारमा रहेको सुमीरो मञ्चमा सार्वजनिक जनसभा आयोजना गरेका छन्। जनसभाको क्रममा उनीहरूले छैटौं अनुसूची आफ्नो मुख्य एजेन्डा भएको र भविष्यमा आफ्नो पार्टीले अभियानमा महान् गोर्खा नेता सुभाष घिसिङको सिद्धान्तलाई अनुसरण गर्ने बताए। सबै पार्टी समर्थकहरूको उपस्थितिमा जनसभाबाट उनीहरूले आफ्नो नयाँ पार्टीको झण्डा पनि अनावरण गरेका छन्।

**<u>(WBSEDCL)</u>**

बर्ष २००७ देखि २०१८ सम्मको आन्दोलनको समयदेखि थाँतीमा रहेको विद्युत बाकी रकम हिज पश्चिम बङ्गालको द्वारे सरकार योजना अन्तर्गत जम्मा २१,४७,३९६.००/- रुपियाँ सफलतापूर्वक पश्चिम बङ्गाल राज्य विद्युत वितरण कम्पनी लिमिटेड (WBSEDCL) तकदाह छाउनी कार्यलयमा भुक्तानी गरिएको छ। द्वारे सरकार योजनाको आधारमा १००% एल पी एस सी (Late Payment Surcharge) अनि ५०% ओ एस डी (Out Standing Dues) छुट रहेको थियो जसमा ८ नम्बर-शिकारी धुरा, ग्लेनबर्न चिया बगानका वासिन्दाले यस योजना अन्तर्गत एल पी एस सी अनि ओ एस डी मिलाएर १५०% जम्मा रकम २,३०,११,३७०.००/- रुपियाँ छुट पाएका जानकारी शिकारी धुरा समाजका सचिव श्री०. विकास तामाङ्गले गराएका छन्।

**<u>फुटबल टुर्नामेन्ट</u>**

चाँद एफसी, घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको सेमी फाइनलमा पुग्ने पहिलो टिम बनेको छ। घैयाबारी स्पोर्टस् वेलफेयर एसोसिएसनको आयोजनामा गत 3 जनवरीदेखि घैयाबारीको नेताजी हाई स्कूलको खेल मैदानमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको पहिलो क्वाटर फाइनल खेल आज चाँद एफसी र फ्रेण्ड्स क्लब नयाँ बस्तीमाझ सम्पन्न भएको थियो। यस पहिलो क्वाटर फाइनल खेलको पहिलो हाफमा चाँद एफसीको तर्फबाट जर्सी नम्बर 9 आर्यन शर्माले गोल गरेर बढत बनाएका थिए। निर्धारित समयसम्म पनि फ्रेण्ड्स क्लबले कुनै गोल नगरेपछि खेल 1-0 को अन्तरले जितेर चाँद एफसी टुर्नामेन्टको सेमी फाइनलमा पुग्ने पहिलो टिम बनेको छ।

**<u>मौसम</u>**

कोलकाता लगायत सम्पूर्ण पश्चिम बंगालमा फेरि एक पटक जाड़ो बढ़ेको छ। राज्यको अधिकांश भागहरूमा घना कुहिरो लाग्ने मौसम विभागले चेताउनी जारी गरेको छ। उत्तर बंगालको दार्जीलिङ, जलपाईगड़ी , कालेबुङ, कुचबिहार, उत्तर दिनाजपुर,

दक्षिण दिनाजपुर अनि मालदा जिल्लामा बाकलो  कुहिरो लागिरहने सम्भावना छ जसको कारण दृश्यता घटेर 199 मीटरदेखि 50 मीटरसम्म पुग्नसक्छ।मौसम विभाग अनुसार राज्यभरिकै तापमान अब बिस्तारै बढ्दै जाने सम्भावना छ।

****** ० ******